फोन न. ०८७-५२०१५७
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

# उच्च अदालत सुर्खेत,
## जुम्ला इजलास
(प्रशासन शाखा)

प.सं. २०७७/७८
च.नं.

मिति २०७७।०६।१६

# सूचना। सूचना। सूचना।

उपर्युक्त सम्बन्धमा चन्दननाथ नगरपालिका क्षेत्रमा रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा विभिन्न कार्यालयमा काम गर्ने कर्मचारी र नगरवासीहरुमा एकैपटक ३० जना भन्दा बढीमा कोरोना पोजेटिभ देखिएकाले जिल्ला प्रशासन कार्यालय, जुम्लाको मिति २०७७।६।१५ मा प्रकाशित सूचनानुसार अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि भिडभाड, जमघट, भेला, पर्व, जात्रा नगर्न/ नगराउन तथा पसल, कार्यालय संघसंस्था खोल्न नपाउने गरी निषेधाज्ञा जारी गरिएकोले उक्त निषेधाज्ञाका कारण यस अदालतमा सेवाग्राहीको उपस्थितिमा हुन सक्ने असमर्थतालाई मध्यनजर गर्दै यस अदालतको मिति २०७७।६।१६ को निर्णयानुसार निषेधाज्ञा अवधिभर बन्दीप्रत्यक्षीकरण र कोभिड-१९ का रिट निवेदन बाहेकका अन्य सेवा अर्को आदेश र व्यवस्था नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

०७७।६।१६

केशवप्रसाद पौडयाल
नि.रजिष्ट्रार
नि. रजिष्ट्रार

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :०८७-५२०११२
फ्याक्स:-०८७-५२०१८०

प.सं. २०७७/७८ (प्रशासन)

मिति :२०७७/०६/१५

## निषेधाज्ञा सम्बन्धी प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश !

चन्दननाथ नगरपालिका क्षेत्रमा रहेका कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा विभिन्न कार्यालयमा काम गर्ने कर्मचारी र नगरवासीहरूको PCR परीक्षण गर्ने क्रममा एकै पटक ३० भन्दा बढी व्यक्तिमा कोरोना संक्रमण देखिएकाले संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको Contact Tracing र Testing गर्नका लागि चन्दननाथ नगरपालिकाको पूर्वमा दानसाँघु, पश्चिममा उमगाड, उत्तरमा कर्णाली प्राविधिक शिक्षालय र दक्षिणमा छिना लाग्ना समाको चार किल्ला जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७/६/१५ गते बैठकको निर्णयबाट अनुरोध भई आए बमोजिम जिल्ला सुरक्षा समितिको निर्णयानुसार नगरपालिका क्षेत्रमा औषधी पसल र स्वास्थ्य सेवा बाहेकका सम्पूर्ण क्रियाकलापहरू पूर्ण रूपमा बन्द गर्ने मिति २०७७/०६/१५ गते दिउँसो ३ बजे देखि अर्को आदेश नभएसम्मका लागि भिडभाड, जमघट, भेला, पर्व, जात्रा तथा आसन्न चाडपर्वहरू नगर्ने/नगराउने तथा कुनै पसल, कार्यालय, व्यवसाय, संघ संस्था खोल्न नपाउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २(२) तथा स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) बमोजिम निषेधाज्ञा जारी गरिएको व्यहोरा सर्वसाधारणमा सूचित गरिन्छ ।

०७७/०६/१५

प्रमुख जिल्ला अधिकारी